का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ कात्तिक २०७९,
सोमबार
24 October 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५३ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com





## आज लक्ष्मीपूजा

**काठमाडौं/मस-** आज लक्ष्मीपूजा, धनधान्यकी देवी लक्ष्मीको पूजाआरधना गरेर मनाइदैछ । कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीया अर्थात भाइटीकाका दिनसम्म यमदीपदान गर्ने शास्त्रीय विधि छ । आज अरुणोदयकालमा नरक स्नान गरेर बिहान कुकुर तिहार पर्व मनाइन्छ । बेलुकी लक्ष्मीपूजा गरिन्छ ।

यस्तै मङ्गलबार गाईपूजा परेको छ । गोरुपूजा, हलितिहार, गोवर्द्धनपूजा, बलिपूजा र आत्म अर्थात म्ह पूजा बुधबार परेको छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचनअनुसार नेपाल संवत ११४३ पनि बुधबारदेखि शुरु हुनेछ । यस वर्षको भाइटीका १० गते बिहीबार परेको छ । १० गते बिहान ११ बजेर ३७ मिनेटमा भाइटीकाको उत्तम साइत रहेको छ ।

# सत्तागठबन्धनबाट भावी प्रधानमन्त्री को ?

आमनिर्वाचनपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्रीका लागि इच्छुक देखिए पनि खुलेर कुरा राख्न सकिरहेका छैनन् ।



प्रधानमन्त्रीबारे हामीले छलफल गरिसकेका छैनौं । माधव नेपाल र पुष्पकमल दाहाल प्रचण्डजीले पनि प्रधानमन्त्री मागेका छैनन् । यसकारण पनि चुनावपछि नयाँ प्रधानमन्त्री को हुन्छ ? त्यतिखेरै हेरौंला ।

■ **शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**



एकातिर पार्टीभित्र गगन थापालाई प्रधानमन्त्री बनाउने दबाव छ । अर्कातिर प्रचण्डले चुनावपछि वाम सरकार बनाउने आशंका छ । यही कारण शेरबहादुर देउवाले आफूलाई प्रधानमन्त्री घोषणा गर्न नसकेका हुन् ।

■ **विष्णु दाहाल**
**राजनीतिक विश्लेषक**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा दुई तिहाई मत ल्याउने उद्देश्य सहित चुनावमा होमिएको सत्तागठबन्धनले आगामी प्रधानमन्त्री को हुने भन्ने टुंगो लगाउन सकेको छैन ।

आमनिर्वाचनपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्रीका लागि इच्छुक देखिए पनि खुलेर कुरा भने राख्न सकेका छैनन् । अझ, ठूलो दलको हैसियत राखेका सभापति देउवा अहिलेसम्म प्रधानमन्त्रीको नाम टुंगो नलागेको बताउँछन् ।

'सत्ता गठबन्धनभित्र अहिले नै को नयाँ प्रधानमन्त्री बन्ने कुरा भएको छैन, तर, सत्ता गठबन्धनले आगामी निर्वाचनमा बहुमत ल्याउँछ त्यसपछि पनि अहिलेकै गठबन्धनको सरकार बन्छ । प्रधानमन्त्रीबारे हामीले छलफल गरिसकेका छैनौं' उनले भने, 'माधव नेपाल र पुष्पकमल दाहाल प्रचण्डजीले पनि प्रधानमन्त्री मागेका छैनन् चुनावपछि नयाँ प्रधानमन्त्री को हुन्छ ? त्यतिखेरै हेरौंला ।' उनले आफूलाई प्रधानमन्त्री प्रस्ताव नगरेको बताएका छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पनि चुनावी कार्यक्रममै गएर आफूलाई प्रधानमन्त्री बन्न जनदबाव आएको बताएका छन् । यद्यपि, उनले आफू अहिले प्रधानमन्त्री बन्ने वा नबन्ने भन्ने विषयमा टुंगो भने नलागेको बताएका छन् ।

– बाँकी पृष्ठ २ मा

# दोहोरिए पुरानै वाचा, थपिए पपुलिस्ट नारा

डा.भट्टराईको सबैभन्दा पपुलिस्ट नारा हो- काठमाडौंदेखि सगरमाथासम्म केवलकार । यसको सुनिश्चितताबारे लेखिएको छ, 'आर्थिक विकास तथा समृद्धिका योजनाहरु संघीय स्तर र प्रादेशिक स्तरका रणनीतिक महत्वका आयोजनाहरूलाई बजेटको कमि हुन नदिई सम्पन्न गरिनेछ ।'

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र महिन्द्र राय यादवको संयुक्त नेतृत्वमा रहेको रहेको नेपाल समाजवादी पार्टी (नेसपा)ले चुनावी प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ ।

आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा नेसपाका अध्यक्ष बाबुराम भट्टराईले प्रतिबद्धतापत्र सार्वजनिक गरेका हुन् । 'सबैलाई लोकतन्त्र, सबैलाई समृद्धि' नारासहितको प्रतिबद्धतापत्रको आवरणमा माओवादी केन्द्रको चुनाव चिह्न सँगै अध्यक्ष भट्टराईको तस्वीर समेटिएको छ ।

प्रतिबद्धतापत्रमा डा. भट्टराईले लोकतन्त्रको लोकतान्त्रीकरणका लागि नेसपाका प्रतिबद्धताहरू उल्लेख गरेका छन् । जहाँ पुरानै वाचा दोहोरिएका छन् भने पपुलिस्ट नारा थपिएका छन् ।

नेसपाले संविधान संशोधन लगायतका माध्यमबाट मुलुकको राजनीतिक र आर्थिक रूपान्तरण गर्न सकिने भन्दै प्रतिवद्धतापत्रमा संकल्प उल्लेख गरेको छ । माओवादी केन्द्रको चुनाव चिह्न 'हँसिया हथौडा' लिएर चुनावी मैदानमा उत्रिएको नेसपाले संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रदेश प्रमुखहरूको व्यवस्था गरिने उल्लेख गरेको छ । त्यसका लागि संविधान संशोधन गर्न सहमत राजनीतिक दलहरूलाई दुई तिहाइ मत दिन अपील गरिएको छ । राष्ट्रपति र प्रदेश प्रमुखमा निर्वाचित व्यक्ति दुई कार्यकालभन्दा बढी रहन नसक्ने व्यवस्था पनि गर्ने उल्लेख छ । राज्यपुनसंरचना आयोगको प्रतिवेदनको आधारमा प्रदेशहरूको पुनर्संरचना गर्ने, स्थानीय तहहरूलाई बलियो र अधिकार सम्पन्न गर्ने नेसपाको प्रतिवद्धतापत्रमा उल्लेख छ । यी त डा. बाबुराम भट्टराईले विगतमा पनि उठाउँदै आएका एजेण्डा हुन् । यसपटक नयाँ नारा पनि थपिएका छन् जो पपुलिस्ट छन् ।

**नेसपाको घोषणापत्र**



राइट टु रिकल गर्नु पनि पर्छ । यदि जनप्रतिनिधिले ठीक ढंगले काम गरेन भने मतदाताको निश्चित प्रतिशत २५ प्रतिशत (वा कति राख्न सकिन्छ) ले मागे भने फिर्ता बोलाउन सक्ने व्यवस्था गर्नुपर्छ, यो सम्भव छ ।

■ **बाबुराम भट्टराई**
**अध्यक्ष, नेसपा**

डा. भट्टराईको सबैभन्दा पपुलिस्ट नारा हो- काठमाडौंदेखि सगरमाथासम्म केवलकार । 'काठमाडौंदेखि सगरमाथा बेसक्याम्पसम्म केवलकार' प्रतिवद्धतापत्रको प्रतिवद्धता नम्बर १३ को शीर्षक 'केवलकार' शीर्षकमा उल्लेख छ । यसको सुनिश्चितता कसरी हुन्छ भन्ने विषयलाइ प्रतिवद्धतापत्रको सुरुमै लेखिएको छ, आर्थिक विकास तथा समृद्धिका योजनाहरू संघीय स्तर र प्रादेशिक स्तरका रणनीतिक महत्वका आयोजनाहरूलाई बजेटको कमि हुन नदिई सम्पन्न गरिनेछ ।'

अर्को पपुलिस्ट विषय हो- रेल । एक दिनमा मेची-काली यात्रा गर्न सक्ने गरी पूर्व-पश्चिम रेल मार्ग निर्माण गर्ने नेसपाको प्रतिवद्धता छ । प्रतिवद्धता पत्रमा रेलमार्ग सम्बन्धी छुट्टै शीर्षक छ । प्रतिवद्धता नम्बर ७ मा भनिएको छ, 'पूर्व पश्चिम लोकमार्गको समानान्तर एक दिनमा मेची-काली यात्रा गर्न सकिने गतिको पूर्व-पश्चिम चल्ने रेल मार्गको निर्माण ।'

– बाँकी पृष्ठ २ मा


## मतदाता नामावलीबाट हटे २ लाख ३० हजार

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक

मतदाता नामावलीबाट २ लाख ३० हजार जनाको नाम हटेको छ । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्माका अनुसार स्थानीय तहको चुनावका लागि प्रकाशित नामावलीमा रहेकामध्ये दुई लाख ३० हजार जनाको नाम हटेको हो । मृत्यु भइसकेकाहरुको नामावली प्रकाशन हुँदै आएको आलोचना भइरहेका बेला आयोगले त्यस्ता नामहरु नदोहोरिनेगरी हटाएको जनाएको छ ।

प्राविधिक कारणले त्यस्ता नामहरु प्रकाशन हुने गरेकोमा यसपटक नदोहोरिने गरी हटाइएको छ ।' स्थानीय तहको चुनावका लागि मतदाता नामावलीमा नाम निस्किएका २ लाख ३० हजार जना यसपटक नदोहोरिने गरी हटाइएको आयोगले जनाएको छ । प्रवक्ता शर्मा भन्छन्, 'मृत्यु भइसकेको मान्छे भोट हाल्न आउने कुरै भएन ।

– बाँकी पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

## मलेसियामा नेपाली कामदार लोट्टो र क्यासिनोको कुलतमा फस्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ कात्तिक

छिट्टै धनी बन्ने लालसाले रोजगारीका लागि मलेसिया गएका नेपाली कामदार लोट्टो र क्यासिनोको कुलतमा लहसिने प्रवृत्ति बढेको पाइएको छ । मलेसियाको राजधानी क्वालालम्पुर र अन्य प्रमुख शहरहरुमा रहेका क्यासिनो धाउने नेपाली कामदारको संख्या दैनिकरुपमा बढेको बताइएको छ ।

मलेसियामा स्टार वर्ल्ड क्यासिनो, डि ग्यान्टिङ्ग क्यासिनो र ग्यान्टिङ्ग वर्ल्ड क्यासिनो नेपाली युवाका प्रमुख गन्तव्य मानिन्छन् । मलेसियामा नेपालीलाई क्यासिनो प्रवेश सहज रहेको छ । क्यासिनो र लोट्टोमा मेहनतको कमाई गुमाउनेहरु आफूमात्र नभई नेपालमा रहेको आश्रित परिवारलाई विचल्ली बनाउने र घर नै फर्किन नसक्ने अवस्थामा पुग्ने गरेको नेपालीका संघसंस्थाले बताएका छन् ।

कतिपय कामदार जानाजान र कतिपय लहलहैमा क्यासिनो पुग्ने गरेको बताइन्छ । क्यासिनोको कुलतमा फसेकाले आफूसँग रहेको रकम सकाएपछि साथीभाइसँग सापट माग्ने, नदिए झगडा समेत गरेर दुश्मनी मोल्ने र कुटपिटबाट समेत उत्रने गरेको म्याग्दीका रमेश पुन बताउँछन् ।

सदस्यता लिनेलाई मलेसियामा क्यासिनोहरुले निःशुल्क प्रवेश र खाना खान दिने गरेका छन् । क्यासिनो गएर सानो रकम जितेपछि ठूलै हल्ला चलाउने गरिएका कारणबाट पनि नेपालीहरु क्यासिनो जान लालायित बन्ने र टोटो र म्याग्नममा दाउ लगाउने गरेका छन् । कतिपयले फोर डि र सिक्स डि नामका चिट्ठामा कमाइ सक्ने गरेको छन् ।

पाँचथरका नवीन राई नेपाली दूतावास तथा सामाजिक संस्थाले पर्याप्त सचेतना फैलाउन नसकेको कारणले कामदारमा जानी नजानी क्यासिनोको लत बढेको बताउँछन् । उनले भने, 'मलेसियामा कामदारको तलब बढेको छ । यहाँ आउने नेपाली कामदारको संख्यामा पनि दैनिक वृद्धि भएको छ, तर रातदिन गरेर गरेको कमाई क्यासिनो र लोट्टोको लतले स्वाहा हुने खतरा बढेको छ ।'

उनले मलेसियामा मात्रै नभएर नेपालमा प्रदान गरिने अभिमुखीकरणको तालिममा पनि यस प्रकारका कुलतका सम्बन्धमा ज्ञान दिनुपर्नेमा जोड दिए । राईले भने, 'नेपालीमा देखिएको यस प्रकारका कुलतविरुद्ध अभियान नै चलाउनु आवश्यक छ ।'

**निर्वाचन आयोगलाई माधव नेपालको जवाफ**

## फ्रि भिसा, फ्रि टिकट भनेको छैन



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ कात्तिक

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा प्रतिनिधि सभा रौतहट निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार माधवकुमार नेपालले निर्वाचन आयोगले सोधेको स्पष्टीकरणको जवाफ पठाएका छन् । फ्रि भिसा फ्रि टिकट दिने भनेर मतदाता प्रभावित पार्ने अभिव्यक्ति नदिएको उनको जवाफ छ ।

निर्वाचन आयोगले निर्वाचन प्रचारको क्रममा नेता नेपालले आचारसंहिता उल्लंघन हुने गरी मतदातालाई फ्रि भिसा र फ्रि टिकटको प्रलोभन देखाएको भन्दै कात्तिक ३ गते स्पष्टीकरण सोधेको थियो । नेपालले जनसमक्ष आफ्नो विचार राख्ने कुरा संविधान प्रदत्त राजनीतिक दलले प्रयोग गर्न पाउने अधिकार भएकाले आफूले सोही अनुसार गरेको समेत बताएका छन् । नेता नेपालले केही दिन पहिला रौतहटमा भएको कार्यक्रममा फ्रि भिसा, फ्रि टिकट र काठमाडौंमा फ्रि तालिम भनेको भिडियो सार्वजनिक भएको थियो ।

– बाँकी पृष्ठ २ मा

**सत्तागठबन्धनबाट...**

त्यस्तै, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले सत्तागठबन्धनको कार्यक्रममा गएर देउवा र प्रचण्डलाई इंगित गर्दै भावी प्रधानमन्त्री यहीँ रहेको बताएका थिए । तर, उनले देउवा र प्रचण्डमध्ये को हुन्छन् भन्ने प्रष्ट भने बताएका थिएनन् ।

तर, नेपाली कांग्रेसभित्र भने आगामी प्रधानमन्त्री देउवालाई नभएर पार्टीका महामन्त्री गगन थापालाई बनाउनुपर्ने आवाज उठिरहेको छ । महामन्त्री विश्वप्रकाश शर्मा, नेता स्वर्णिम वाग्ले लगायत धेरैले अबको प्रधानमन्त्री गगन थापा हुनुपर्ने बताएका छन् ।

'एकातिर पार्टीभित्र गगनलाई प्रधानमन्त्री बनाउने दबाव अनि अर्कातिर प्रचण्डले चुनावपछि वाम सरकार बनाउने आशंकाका कारण देउवाले आफूलाई प्रधानमन्त्री घोषणा गर्न नसकेका हुन्, राजनीतिक विश्लेषक विष्णु दाहालले भने। उनले कांग्रेससँग कुरा नमिलेको खण्डमा प्रचण्ड एमालेतिर जाने सम्भावना रहेको समेत बताएका छन् । तरपनि, सभापति देउवा गठबन्धन अझै लामो समय जाने र चुनावपछि मिलीजुली सरकार बन्ने बताउँदै आएका छन् । तर, पार्टीभित्रकै दबाव र प्रचण्डको रणनीतिपछि मात्रै भावी प्रधानमन्त्री को बन्छ भन्ने प्रष्ट हुने भएको छ ।

**मतदाता...**

तर, प्राविधिक गडबडीका कारण मृत्यु भइसकेकाहरुको नामावली पनि प्रकाशन हुँदै आएको थियो । यसपटक हामीले थुप्रै नाम कटाएका छौं ।'

मृत्यु भइसकेका थुप्रै व्यक्तिको पनि पटकपटक नामावलीमा नाम प्रकाशन भइरहनुमा भने आयोगको मात्रै गल्ती नरहेको शर्माको दाबी छ । उनले स्थानीय तह तथा प्रशासनका पञ्जीकरण शाखाले तथ्यांक उपलब्ध नगराउँदा गल्ती दोहोरिने गरेको सुनाए ।

**मंसिर २ गतेदेखि चुनावी प्रचार बन्द**

निर्वाचन आयोगका अनुसार आइतबारदेखि उम्मेदवारको घरदैलो चुनावी प्रचारप्रसार खुला भएको छ । उम्मेदवारले कात्तिक १७ गतेसम्म चुनाव लक्षित घरदैलो गर्न पाउनेछन् । कात्तिक १८ गतेदेखि मंसिर २ गतेसम्म कोणसभा, र्‍याली तथा आमसभाका लागि समय छुट्याएको छ । 'अब बल्ल चुनावमा आचारसंहिता उल्लंघन बढ्ने बेला भयो । यतिबेला हामी झन् चनाखो भएर बस्ने बेला भयो', निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने ।

आयोगले मंसिर २ देखि ४ गतेसम्म चुनावी प्रचारप्रसार गर्न नपाइने बताएको छ । अघिल्ला चुनावहरुमा मौनअवधि उल्लेख गरे पनि यसपटकदेखि उक्त शब्द नै हटाइएको आयुक्त भण्डारीले जानकारी दिए । 'कानुनमै उल्लेख नभएकाले हामीले पनि प्रयोग गर्न छोड्यौं । चुनाव प्रचारप्रसार गर्न नपाइने अवधिका रुपमा लिइएको छ,' उनले भने ।

उनका अनुसार निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न बाधक बन्दै आएको सामाजिक सञ्जाल पनि यसपटकदेखि निर्वाचनले कडाइ गरिएको छ । चुनावी प्रचारप्रसार तथा गलत सूचना, अभिव्यक्तिलाई नियमन गर्न आयोगले फेसबुकको माउ कम्पनी मेटासँग सम्झौता गरेको हो ।

मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधि सभाको चुनावका लागि सामाजिक सञ्जाल नियमन गर्न आयोगको यो पहिलो अभ्यास हो । सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्रामलगायत मातृसंस्था मेटासँग आयोगले गत मंगलबार चुनावकेन्द्रित सम्झौता गरेको थियो ।

'यदि भ्रमपूर्ण विषय राखेर उम्मेदवारको प्रचारप्रसार वा खिसिट्युरी गर्ने काम भएमा तत्कालै हटाउन सक्ने सम्झौता भइसकेको छ' निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने, 'यो भनेको निर्वाचन आचारसंहिता कार्यान्वयनसँगै निर्वाचनलाई मर्यादित, भय र धाँधलीरहित बनाउन नै हो ।'

**दोहोरिए...**

यसैगरी, रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी- चितवन- काठमाडौं रेल लुप निर्माण गर्ने पनि डा.भट्टराई नेतृत्वको पार्टीको चुनावी प्रतिवद्धता छ । साथै, काठमाडौं-विरगञ्ज रेलमार्ग निर्माण गर्ने पनि प्रतिवद्धता छ ।

विगतमा एमाले अध्यक्ष केपी शर्मा ओलीले रेलको सपना देखाउँदा डा.भट्टराईले कट्टु आलोचना गरेका थिए । २०१६ मे १७ मा डा. भट्टराईले ओलीको रेल सपनाको आलोचना गर्दै ट्वीट गरेका थिए, 'प्रमले रेल/पानीजहाज दिनुभन्दा पहिले काठमाडौं लगायतका शहरमा सार्वजनिक बससेवा दिने कष्ट गर्ने कि ? फराकिलो पारिएको सडकमा ट्राफिक जाम उस्तै जो छ !' ६ वर्ष पछि डा. भट्टराईले ओली भन्दा अगाडि बढेर रेलको सपना देखाएका हुन् ।

डा. बाबुराम भट्टराईले राम्रो काम नगर्ने जनप्रतिनिधिलाई फिर्ता बोलाउने व्यवस्था गर्नुपर्ने पनि बताएका छन् । पार्टीको प्रतिवद्धतापत्र सार्वजनिक गर्दै उनले राइट टु रिकलको व्यवस्था गर्नुपर्ने बताएका हुन् ।

'राइट टु रिकल गर्नु पनि पर्छ । वास्तवमा हामी यति गैरजिमेवार हुँदै गएका छौं । ढाँट छल पैसा किनबेच अनेक गरेर चुनाव जित्ने, चुनाव जितेपछि पाँच वर्ष फर्केर नजाने, फेरि अर्को जालजेल षड्यन्त्र पैसा किनबेच गरेर जाने जुन प्रवृत्ति छ', भट्टराईले भने, 'यदि जनप्रतिनिधिले ठीक ढंगले काम गरेन भने मतदाताको निश्चित प्रतिशत २५ प्रतिशत (वा कति राख्न सकिन्छ) ले मागे भने फिर्ता बोलाउन सक्ने व्यवस्था गर्नुपर्छ, यो सम्भव छ, असम्भव छैन ।'

**फ्रि भिसा...**

निर्वाचन आयोगले सोधेको स्पष्टीकरणको जवाफ आयोगलाई पठाउँदै उनले निर्वाचन प्रचारको क्रममा आफूले कुनै मतदातालाई प्रलोभन देखाउने गरी अभिव्यक्ति नदिएको दाबी गरेका हुन् ।

नेता नेपालको जवाफ छ, 'पत्रमा भनिएजस्तो निर्वाचनको सिलसिलामा मैले कुनै उम्मेदवार वा मतदाता वा निजहरूमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्ति वा निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कुनै कर्मचारीलाई कुनै किसिमको प्रभाव पार्ने कार्य गरेको छैन । नेता नेपालले चार बुँदे जवाफमा अगाडि भनेका छन्, 'मैले कसैलाई कुनै किसिमको लोभलालच वा आर्थिक प्रलोभन देखाउन कुनै कामकारबाही गरेको छैन । अत: उक्त पत्रमा भनिएजस्तो अभिव्यक्ति मैले दिएको छैन ।'




## Jhimruk Rural municipality

### Office of the Rural Municipal Executive

**Bhyagute, Pyuthan**

**Lumbini Province, Nepal**

**Invitation for Bids for the Drugs Procurement of Basic and health Service**

**IFB No. JRM/NCB/GOODS/01/2079/080**

**Date of publication: 2079/07/07 (A.D.2022/10/24)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the *drugs Procurement of basic and health service* under National Competitive Bidding procedures.

| S. N. | Contract ID No | Description of Work | Estimated Amount (with out vat) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | JRM/NCB/ GOODS/ 01/2079/080 | drugs Procurement of basic and health service | NRs.2389373.26 | NRs.70000.00 | NRs.3000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, mail address jhimrukmun@gmail.com, mobile number 9866272250, 9847820649*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must purchase the bidding documents as mentioned above or within office hour from **2079/08/06 (A.D.2022/11/22)** from PPMO's Website https://bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of Three thousands of bidding document in the Office of the Rural Municipal Executive Jhimruk's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids

   Name of the Bank: Citizens Bank International Ltd Jhimruk Branch

   Name of Office: ***Jhimruk Rural Municipality***

   Dharuti Account no.: 0750100000136201

   Rajaswa (revenue) no. : 0750100000001202
4. Bidders must submit their bid on or before 12:00 hrs on 2079/08/07 (**A.D.2022/11/23**) electronic through E-procurement section of PPMO's website www.bolpatra.gov.np/egp as specified in the Instruction to bidders. Documents received after deadline will not be accepted .
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2078/08/07 (**A.D.2021/11/23**) at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan. Bid security must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid.
6. If the last date of purchasing, submission and opening on a government holiday, then the next working day shall be considered as the last date.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason whatsoever.

**Chief Administrative officer**

**ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**

**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म नि:शुल्क खाना । यातायात । आवास !

**रोजगारदाता कम्पनी : रिजेन सोलार टेक्नोलोजी एसडिएन. बिएचडी.**

**Employer Company : RISEN SOLAR TECHNOLOGY SDN BHD**

**शहर: कुलिम, मलेशिया City: Kulim, Malaysia**

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति: २०२२/०७/०५ | चलानी नं: ६०१८९८७५ | एल टि नं : २७४०३६ |
| Pre Approval Date: 2022/10/22 | Invoice No.: 60189875 | LT No. : 274036 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | ५० 50 | १५०० 1500 | ४१,७९० 41,790 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

नोट: एमीटी ग्लोबल इम्प्लोयमेन्ट सर्भिसेस् प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट एमीटी ग्लोबल इम्प्लोयमेन्टले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।

Note: Amity Global Employment Services Pvt. Ltd. does not have any branch or mediator representative. Amity Global Employment is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**प्रि–अन्तर्वार्ता एमीटी ग्लोबलको अफिस काठमाडौंमा २०७९ कात्तिक १४ गते हुँदैछ ।**

**Pre Interview being conducted at the Amity Global Office, Kathmandu on 31 October 2022.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.

अन्तर्वातामा सहभागी हुनु हुने उम्मेद्वारहरुले आफ्नो खोपको QR कोड प्रमाणपत्र अनिर्वाय रुपमा ल्याउन अनुरोध गर्दछौं । Interview attending candidates must bring their QR Vaccinatin Certificate at the time of interview.

अन्तर्वार्ता कोभिड–१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।

Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर ९८०२०९०३६६ वा इमेल ठेगाना admin@amityglobalgroup.com मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।

If you have any complaints or feedback, please do contact us via the phone number 9802090366 or email address admin@amityglobalgroup.com mentioned below.

**फाइनल अन्तर्वार्ता एमीटी ग्लोबलको अफिस, काठमाडौंमा मिति २०७९ कात्तिक १४ गते हुनेछ । Final Interview will be held at Amity Global Office, Kathmandu on 31 October 2022.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अधिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**AMITY GLOBAL EMPLOYMENT SERVICES PVT. LTD.**

श्रम इजाजत नं 467/060/061

**एमीटी ग्लोबल इम्प्लोयमेन्ट सर्भिसेज प्रा. लि.**

रानीबारी मार्ग, सामाखुसी–२६, काठमाडौं, फोन: ४९७०३६६/४९७०४६६

Email: recruitment@amityglobalgroup.com

## Bhimphedi Rural Municipality

### Office of the Rural Municipal Executive

**Bhimphedi, Makwanpur**

**Bagmati Province, Nepal**

## Invitation for Bids

**Date of publication: 23-10-2022**

1. The Bhimphedi Rural Municipality has allocated funds towards the Tender for purchase of medicines and surgical goods of following details and invites following electronic bids from eligible national competitive bidders.
2. The details of the project is as following.

| Contract No/ID | Description of Procurement | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) | Bid Validity/Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| BRMMK/NCB/ PMSG/ 08-2079.080 | Procurement of Medicine and surgical goods. | 80,500.00 | 3,000.00 | 90 Days/120 Day's form Last date of bid submission. | 22-11-2022 until 12:00 |

3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-11-2022 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi, Makwanpur, Bagmati Province Nepal.
5. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. All medicines to be supplied must be produced by WHO GMP Certified companies. If there is a need to supply medicines and medicinal materials produced by companies other than those produced in Nepal, the WHO GMP Certificate of those companies must be submitted along with the bid.
7. According to the budget situation, the number of medicines to be purchased may increase or decrease further.
8. The samples of the medicines mentioned in the tender must be sealed and submitted before the signing of the contract.
9. According to the accepted bid, the goods will be purchased in the financial year 2079.080 by giving a lump sum or different orders according to the needs. Also, the expiration date of the supplied medicines and medicinal materials should be at least 18 months before they are brought to the office for filing.
10. Product date, expiry date, batch number and "Only for Institutional Supply" or "for free distribution from Bhimphedi Rural Municipality" should be clearly mentioned on the outside of each packaging of the supplied medicines.
11. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.
12. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/epg.

**Chief Administrative Officer**

# प्रहरी उपरीक्षक बोगटी कमिसनको खेलमा लागेको आरोप

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, ६ कात्तिक

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीमाथि कमिसनको खेलमा लागेको आरोप लागेको छ । जिल्लाका सिमानाकाबाट हुने भन्सार छलीका सामानहरुको ओसार-पसार, विभिन्न स्थानमा हुने जुवा खेल, होटलहरुको गैरकानूनी धन्दा र जिल्लाका वन जंगलमा हुने जंगली जनावरहरुको चोरी शिकारी गर्ने गिरोहबाट प्रहरी उपरीक्षक बोगटीले राम्रो कमिसन असुल्ने गरेको प्रहरी स्रोतको दाबी छ ।

ईलाका प्रहरी कार्यालय सिम्रोनगढका प्रहरी प्रमुख प्रहरी निरीक्षक देवराज काफ्लेलाई परिचालन गरेर प्रहरी उपरीक्षक बोगटीले जिल्लामा असुली धन्दा चलाएको आरोप लाग्ने गरेको छ ।

कोरोना महामारीको समयमा'पास'दुरूपयोग गरी जुवाको खालबाट गिरफ्तार भई ५ दिन थुनामा बसेका अर्बपति रामचन्द्र संघाईको इसारामा फसेर प्रहरी उपरीक्षक बोगटीले चुनाव जस्तो महत्वपूर्ण समयमा आफ्नो हर्कतले सरकारलाई बदनाम गराएको समेत आरोप लाग्ने गरेको छ ।

त्यस्तै कमिसनको खेलमा परेर त्रिवेणी स्पिनिङ मिलका व्यवस्थापन पक्ष र मजदूरहरूबीच छलफल चलिरहेको समयमा प्रहरी उपरीक्षक बोगटीले अन्धाधुन्ध लाठी चार्ज मात्र गरेनन् मजदुरमाथि गोली प्रहार गरे ।

उद्योगको तर्फबाट प्रबन्धक अशोक शर्मा, महाप्रबन्धक सतिश शर्मा, प्रविधिक शाखा प्रमुख एमके दास, उद्योग व्यवस्थापक प्रेमकुमार सिंह, प्रशासकीय अधिकृत राजेश श्रेष्ठलाई मजदूरहरुले हाम्रो समस्या समाधान नगरी तपाईहरु उद्योग परिसर बाहिर जान पाउनुहुन्न भनी अडान राखेर छलफल चलिरहेको समयमा प्रहरी उपरीक्षक बोगटीले उद्योगसँग कमिसनको माग राखि मजदुरहरुमाथि अन्धाधुन्ध गोली तथा लाठी प्रहार गरेको प्रहरी स्रोतको दाबी छ ।

'बिहीबार त्रिवेणी स्पिनिङका प्रोप्राइटर रामचन्द्र संघाई आफैं जिल्ला प्रहरी कार्यालय बारामा गई प्रहरी उपरीक्षक बोगटीलाई भेटी कमिसनको कुरा मिलेपछि संघाईको आडमा प्रहरी उपरीक्षक बोगटीले मजदुरमाथि लाठी र गोली चलाए' एक प्रहरी अधिकारीले मध्यान्हसँग भने । प्रहरी उपरीक्षक बोगटीसँग भेटेर संघाई होटेल इच्छामा आराम गर्न गए भने प्रहरी उपरीक्षक बोगटी आफ्नो कमाण्डमा करिब २ सय फोर्स लिएर आफैं अश्रु ग्यासको गोला पड्काउँदै महिला तथा पुरुष मजदूरहरूमाथि अन्धाधुन्ध लाठी प्रहार गरी व्यवस्थापन ब्लकमा आराम गरिरहेका सबैलाई बाहिर ल्याए । प्रहरी उपरीक्षक बोगटीले मिडियामा बन्धक राखिएका कर्मचारीलाई छोडाउन जाँदा लगभग एक दर्जन प्रहरी घाइते भएको र प्रहरीमाथि आक्रमण गर्न खोज्ने ७ जनालाई नियन्त्रणमा ल्याएको बताए । तर प्रहरीको लाठी प्रहारबाट घाइते भएका मजदूरहरूको विवरण बोगटीले सार्वजनिक गर्न मानेनन् । शुक्रबार गिरफ्तार गरेका मजदूरलाई छोडाउन कलैया जान हिँडेका मजदूर हरूलाई गण्डक नजिकैबीच बाटोमा जबरजस्ती बस रोकेर पैदल हिँडिरहेको भिडियो सामाजिक संजालमा सम्पूर्ण नागरिकले हेरेर प्रहरीको निन्दनीय कार्यलाई भत्सर्ना गरेका छन् ।

**Qatar मा रोजगार** **The Diplomatic Club**

पूर्व स्वीकृति मिति: [illegible] चलानी नं. [illegible] LT No.: 274348

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Gen. Clean. Worker | 48 | 15 | [illegible] | 1000 | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २ | Waiter | 11 | 0 | | 1400 | [illegible] | | | | | | | |
| ३ | Driver | 02 | 0 | | 1800 | [illegible] | | | | | | | |

अन्तर्वार्ता २०७९ कातिक १४ गते (Oct. 31, 2022) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

[illegible]

**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ४४४५५५०, ४४३०००३

**साउदीमा रोजगार** | १. कम्पनी: **ADAWA AL-SULTAN TRADING EST.** शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१७६७ L.T. No.: 265706 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **MAAS INTERNATIONAL CONTRACTING CO. (ONE PERSON CO.)** शहर: AL Riyadh

पुर्व स्वीकृत मिति: २०७९/०१/१६ चलानी नं.: ६०१७८७३१ L.T. No.:262560 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,२१६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 2 | 0 | | 1800 | ६३,२१६ | | | | | | | |

३. कम्पनी: **FEED THE CHICKEN PROVIDE MEALS EST.** शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७९/०५/१० चलानी नं.: ६०१८६१९० L.T. No.:270284 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६१,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 1 | 0 | | 1000 | ३३,९२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक १४ गते (31 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**गढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
औरावनी, सुनसरी, प्रदेश नं १, नेपाल

## हार्दिकशुभकामना

**नेपालीहरूको महान् चाड शुभ-दिपावली तथा नेपाल सम्वत ११४३ साथै छठ पर्व २०७९** को सुखद उपलक्ष्यमा यस गाउँबासी सम्पूर्ण आमाबुबा, दाजुभाई तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपालीजनहरुमा सुख, शान्ति, समृद्धि छाओस, लक्ष्मीले बास गरुन, विजयको प्रतिकले सदैव छाइरहोस, सबैको सु-स्वास्थ्य दिर्घायुको र उत्तरोत्तर प्रगतिको कामना सहित **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपयोग नगरौं ।
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।
- चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- चाडपर्वमा फजुल खर्च नगरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**श्री आश नारायण चौधरी**
अध्यक्ष

**श्री अनिता कुमारी साह**
उपाध्यक्ष

**गढी गाउँपालिका**, औरावनी, सुनसरी

**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेसियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : SCHENKER LOGISTICS (MALAYSIA) SDN BHD SELENGOR,
रोजगारदाता कम्पनी : सेनकर लजिस्टिकस् (मलेसिया) एसडिएन. बिएचडी. सेलेङगोर

| पूर्व स्वीकृत मिति: २०७९/०७/०६ | चलानी नं.: ६०१८९९६२ | एल टी नं.:२७४२५५ |
|---|---|---|
| Pre Approval Date: 23/10/2022 | Consignment No.: 60189962 | L.T. No.: 274255 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER- | 150 १५० | 0 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1500 १५०० | 41,790 ४१,७९० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहार्ने | Visa Stamping Cost will be borne by भिषा स्टाम्पीङ शुल्क कस्ले ब्यहार्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहार्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।-, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।-, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।- | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | NPR 700/- By the Employer ने.रु.७००।- रोजगार दाताले ब्यहार्ने | NPR 1500/- By the Employer ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने |

**SCHENKER LOGISTICS (MALAYSIA) SDN BHD doesn't impose any Recruitment/Placement Fee for this employment.**
**सेनकर लजिस्टिकस् (मलेसिया) एसडिएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।**

Rainbow Overseas Pvt. Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
रेन्बो ओरसिज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

**Note (नोट):**
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre interview will be conducted on 31 Oct & 1, 2 November 2022 daily basis in our office Premises.**
**प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा कात्तिक १४, १५ र १६ गते चलिरहेको छ ।**
**Final Interview will be conducted on 3 & 4 November 2022 in Kathmandu.**
**फाइनल अन्तर्वार्ता मिति २०७९ कार्त्तिक १७ र १८ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Rainbow Overseas Pvt. Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
रेन्बो ओभरसिज प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

**Rainbow Overseas Pvt. Ltd.**
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **EMCORE ELECTROMACHANICAL CONTRACTING LLC** शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०७/०६ चलानी नं.: ६०१८९९५६ LT. No.: 274249

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Maintenance Mechanic Assistant. | 2 | 0 | | 1400 | ५०,३०२ | | | | | | | |
| 3. | Mechanic Assistant | 5 | 0 | | 1400 | ५०,३०२ | | | | | | | |
| 4. | Plumber Assistant | 2 | 0 | | 1400 | ५०,३०२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक १४ गते (31 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**P.T.SWIFT HR MANAGEMENT PVT. LTD**
श्रम ईजाजत नं. १२०७/०७३/०७४
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswift334@gmail.com
Contact No.: 9801121045, 9823668160, 9851180471

## बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं.–प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः– २०७९/०७/०७**

यस कार्यालयले मिति **२०७९/०५/०६** गतेको **मध्यान्ह राष्ट्रिय दैनिक**मा प्रकाशित बोलपत्र आव्हानसम्बन्धी सूचना **NCB/Bahradashi/GPPB/1/2079-80** को **"गा. पा. प्रशासकीय भवन निर्माण"** बमोजिम पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) बमोजिम तपसिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा सरोकारवाला सबैको जानकारिको लागि अनुरोध छ ।

**तपसिलः**

| सि.न. | ठेक्का प्याकेज | सारभुतरुपमा प्रभावग्राही बोलपत्र दाताहरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने |
|---|---|---|---|
| १ | Construction of Ga. Pa. Prasasakiya Bhawan<br>**NCB/Bahradashi/ GPPB/1/2079-80** | १. श्री यूरेका इन्फ्राटेक प्रा. लि., ललितपुर-१८, ललितपुर ।<br>२. श्री सतासी निर्माण सेवा प्रा. लि., शिवसताक्षी-८, झापा ।<br>३. श्री एल. पि. एस. - सिद्धकाली जे. भी., भद्रपुर-८, झापा ।<br>४. श्री भगवती - नेपाल पूर्वाधार जे. भी., ईलाम-७, ईलाम ।<br>५. श्री आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा. लि., भरतपुर-९, चितवन ।<br>६. श्री एल. बि. एण्ड ए. बि. बिल्डर्स प्रा. लि., धनगढी-५, कैलाली ।<br>७. श्री सारा श्रीष्टी निर्माण सेवा प्रा. लि., धनकुटा-४, धनकुटा ।<br>८. श्री ए. पि. एम. - जटेश्वर जे. भी., कोटेश्वर, काठमाण्डौ ।<br>९. श्री एस. ए. एस. कन्स्ट्रक्सन प्रा. लि., बिराटनगर-१६, मोरङ ।<br>१०. श्री खाम्पाचे शेर्पा - माई भगवती जे. भी., ईलाम-७, ईलाम ।<br>११. श्री शंकर त्रिशक्ति निर्माण सेवा प्रा. लि., ईलाम-१, ईलाम । | स्थानः बाह्रदशी गाउँपालिकाको कार्यालय, चकचकी, झापा<br>मिति र समयः २०७९/०७/१४ गते दिनको १ बजे |

साथै यस कार्यालयले मिति **२०७९/०५/२७** गतेको **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित बोलपत्र आव्हानसम्बन्धी सूचना अनुसार तपसिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतीको लागी सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेशगर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.न. | ठेक्का प्याकेज | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट तथा पि.एस. सहित) |
|---|---|---|---|
| १ | Kumal Gaun Adhuro Pakki Pul Nirman Wada No. 6<br>**NCB/Bahradashi/KGAPPNW6/2/2079-80** | श्री मेरिडियन कन्सट्रक्सन प्रा.लि., विर्तामोड-३, झापा | रु.५०,७६,११९।४६ |
| २ | Katardangi Aadharbhut Bidhyalaya Bhawan Nirman Bahradashi Wada No. 5<br>**NCB/Bahradashi/KABBNBW5/3/2079-80** | श्री पैजो कन्सट्रक्सन प्रा.लि. विर्तामोड-४, झापा | रु.५०,६७,३१९।४३ |
| ३ | Rajbanshi Samudaik Bhawan Nirman-Wada No. 3<br>**NCB/Bahradashi/RSBNW3/4/2079-80** | श्री मेरिडियन कन्सट्रक्सन प्रा.लि., विर्तामोड-३, झापा | रु.२९,७७,१३०।७८ |
| ४ | Simalchowk Adhuro Samudaik Bhawan Nirman- Wada No. 7<br>**NCB/Bahradashi/SASBNW7/5/2079-80** | श्री पैजो कन्सट्रक्सन प्रा.लि. विर्तामोड-४ ,झापा | रु.३०,२१,९०४।८२ |

(खेमराज थापा)
प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
७ कार्तिक २०७९, सोमबार
24 October 2022, Monday

## सम्पादकीय

# तिहारको शुभकामना

तिहार सुरू भइसक्यो । देउसी भैलोभन्दा पहिल्यै पटाका पड्किएको सुनिन थालेको छ । यदाकदा जुवाका खालबाट मानिसहरू समातिएका समाचार आउन थालेका छन् । साथसाथै, यस वर्षको तिहार चुनावमय छ । नेता/कार्यकर्ता र मतदाता नयाँ नेतृत्व चयन गर्ने बहस टोल टोलमा गरिरहेका छन् ।

नेपालमा पर्वहरूको धार्मिक रंग मलिनो हुँदै सांस्कृतिक चमक चहकिलो हुँदै गएको छ । दसैं जस्तै तिहार पनि कुनै सम्प्रदाय विशेषमा सीमित छैन । केही वर्ष यता छठ पर्व पहाडमा पनि मनाउन थालिएको छ । चुनावका बेला भोट तान्ने ध्याउन्नमा नेताहरूले तडकभडक पनि गर्न सक्छन् यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने हुन्छ ।

सुखद पक्ष नेपालबाहेक संसारमा अन्यत्र कतै पनि सायद सहजरूपमा नेपालीहरूमा जस्तो सांस्कृतिक अन्तर्घुलन कमै छ । जसरी काठमाडौं उपत्यकाका मूर्त र अमूर्त कला विश्वप्रसिद्ध छ त्यसरी नै अध्ययन गरियो भने नेपालका धेरै भूभागको सांस्कृतिक सम्मिश्रण पनि संसारका लागि उदाहरणीय बन्न सक्छ ।

संस्कृति र अमूर्त सम्पदामा गौरव गर्न भने नेपालीले जानेका छैनन् । देखासिकी र खोक्रो ढोँग सजिलै र छिटै नक्कल गर्ने नेपाली सांस्कृतिक सामाजिक विशेषताप्रति प्रायः उदासीन देखिन्छन् । यस्ता विषय चुनावी एजेण्डा बनुन्, तिहारका मौकामा मतदाताले उम्मेदवारलाई भनुन, उम्मेदवारले पनि सम्झिउन ताकी भोट पाउने आशैमा भए पनि नेपालको सांस्कृतिक सम्मिश्रण थप प्रचार हुन सकोस् ।

बहुसंख्यक नेपालीलाई दैनिक गुजारा गर्न नै समस्या भइरहेकाले पनि सांस्कृतिक पक्ष ओझेलमा परेको हुनसक्छ । जीविका चलाउनेबाहेक अन्त ध्यानै दिन नपाएपछि सांस्कृतिक महत्व र त्यसमा गौरव गर्ने विषय पाखण्ड लाग्नु अस्वाभाविक होइन । यसकारण जनताको जिविका कस्तो छ भन्ने नेताहरूले चाडपर्व मनाउने क्रममै भने पनि देखुन जो अवसर यसपटक प्राप्त छ ।

चुनावको मौसम भएकाले पनि आम मतदातालाई 'समृद्धि'को सपनाले उत्तिकै लोभ्याएको देखिन्छ । राजनीति गर्नेहरूले समृद्धि शब्दको अत्याधिक प्रयोग गरिरहेकाले जनमानस अलमलिन सक्छ । नेपाल आर्थिकरूपमा नभए पनि अरू दृष्टिबाट संसारको धेरै मुलुकभन्दा समृद्ध छ । तर, नेपाल विपन्न भएको राग बेच्ने प्रयासलाई पनि वौद्धिक वर्गले चिर्ने प्रयास गरून । नेपालको सांस्कृतिक अन्तरघुलन बेचेर पनि नेपाल समृद्ध बन्न सक्छ ।

